**मितिः २०८२।१२।२९**

**समयः बिहान ११:०० बजे**

**बैठक नं. ०६/२०८२/०८३**

आज मिति २०८२ चैत्र २९ गते आइतबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| **क्र.सं.** | **नाम,थर** | **पद** | फोन नं. | **हस्ताक्षर** |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री बिपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | ९८४२८१५१६३ | |
| ७ | श्री महलसिं राई | वडा अध्यक्ष (वडा नं. ५) | ९८४२९०४६६२ | |
| ८ | श्री सिद्धिमनि राई | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | |
| ११ | श्री निर कुमारी राई | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | सदस्य-सचिव | ९८५२८२००३६ | |

**प्रस्ताव तथा निर्णयहरु**

| **नि.नं.** | **प्रस्ताव** | **निर्णय** |
|---|---|---|
| १. | गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिका कार्यपालिकाको मिति २०८२ फागुन १३ कार्यपालिकाले गरेको निर्णयहरुको कार्यान्वयन देहाय वमोजिम भएको समिक्षा गरियो ।<br>क) कंखो खोला मोटरेबल पुल (बेली ब्रिज) को लागत अनुमान स्वीकृत गरी ठेक्का प्रकृया अगाडी बढाइएको<br>ख) गाउँपालिकाको प्रशासनिक भवनको भेरिएसन आदेश (VO) गर्न बाँकी नरहेको ।<br>ग) बायोमेट्रिक IRIS Scanner खरिद गर्न बाँकी रहेको<br>घ) रकमान्तर/शिर्षक परिवर्तन गरेको योजनाको सम्झौता भै सकेको<br>ङ) कोठे झोपु देखि कोठे बजारसम्म बाटो निर्माण को योजना सम्झौता गरिएको<br>च) अप्पर मुन्दुम ट्रेल नक्शा तथा ब्रोसर प्रकाशन तथा प्रवर्द्धनात्मक कार्यक्रमको लागत स्टिमेट निकाल्ने क्रममा रहेको ।<br>छ) येलेदोङ उल्लेख गर्ने सम्बन्धी निर्णय कार्यान्वयन भएको |

महाकुलुङ गाउँपालिका

**मिति: २०८२।१२।२९**

**समय: बिहान ११:०० बजे**

**बैठक नं. ०६/२०८२/०८३**

| | | |
|---|---|---|
| | | ज) अन्य निर्णय कार्यान्वयन हुँदै गरेको । <br> झ) कार्यान्वयन गर्ने नसकिने खालको निर्णय नरहेको । |
| २. | खेउ खोल्सी छेउमा बाटो मर्मत सम्भार सम्बन्धमा | महाकुलुङ गाउँपालिका वडा नं. ४ मा पर्ने खेउ खोल्सी नजिकै सकड मर्मत सुधार गर्न अति नै आवशयकता रहेकोले सो मर्मत सुधारको लागि महाकुलुङ गाउँपालिकालाई चालु आ.व.मा प्राप्त पर्यटन रोयल्टीको रकमबाट खर्च हुने गरी प्राविधिक ल.ई.का आधारमा रु. ४० लाख वजेट विनियोजन गरी मर्मत कार्य गराउने साथै निर्णय सर्वसम्मत पारित गरियो । |
| ३. | प्रशासकीय भवनको पर्खाल बनाउने VO सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको प्रशासकीय भवन निर्माणास्थलमा पालिका भवनको डिपीआर निर्माणका क्रममा पूर्वानुमान गर्न नसकिएको र निर्माण स्थलको तयारीका क्रममा अग्लो स्थान सिर्जित भई भवन तथा क्षेत्रको सुरक्षाका लागि अति आवश्यक पर्ने निर्माणस्थलमा मेसिनरी वाल निर्माणको लागि प्राविधिक लागत अनुमानका आधारमा करिव रु. ५१ लाख २० हजार को भेरिएसन आदेश जारी गर्ने निर्णय गरियो । गाउँपालिकाको हिस्सामा पर्ने र V/O को लागि आवश्यक रकम पर्यटन रोयल्टीबाट नियोजन गर्ने निर्णय पारित गरियो । |
| ४. | छात्रवृत्ति वितरणको लागि छनौट सम्बन्धमा | महाकुलुङ गाउँपालिका शिक्षा शाखाको स्वीकृत वजेट अनुसार रु. ५ लाख वजेट विनियोजन भई आवेदन माग गरिएकोमा निर्धारित मितिभित्र दुई जनाको आवेदन दर्ता भएकोमा देहाय वमोजिम छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो । <br> १) नित्र कुलुङ — एनेस्थेसिया — रु. ३ लाख <br> २) डुपराज कुलुङ — बि.एस.सी.ए.जी. — रु. २ लाख |
| ५. | योजना शिर्षक परिवर्तन तथा शिर्षक मिलान सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको वडाहरुबाट आएका प्रस्ताव तथा कार्यपालिकामा प्रस्ताव भएका योजनाहरुको शिर्षक परिवर्तन तथा शिर्षकान्तर देहाय वमोजिम गर्ने निर्णय गरियो । <br> <u>वडा नं. २</u> <br> १) फुलबारी कृषि तथा पशुपंक्षी कृषक समूहको भवन निर्माण शिर्षकलाई फुलबारी कृषि तथा पशुपंक्षी कृषक समूहको भवनको लागि घडेरी सम्याउने तथा तारजाली शिर्षक कायम गर्ने । <br> २) जनजाति (लक्षित वर्ग) को वजेटलाई कृषकसँग कृषि कार्यक्रम शिर्षक कायम गर्ने । <br> <u>वडा नं. ३</u> <br> १) छेम्सी साम्फो सडक ट्र्याक ओपन रकम रु. ६ लाख बाट दिरित्ती कोङकोसु गोरेटो बाटो निर्माण शिर्षकमा योजना परिवर्तन गर्ने । |

महाकुलुङ गाउँपालिका

२) नुम्सुम्बौ साविस भवन निर्माण शिर्षकको रु. ७ लाखबाट नुम्सुम्बौ खरबारी कृषि तथा पशुपंक्षी कृषक समूहको भवन निर्माण (थप) शिर्षकमा योजना संचालन गर्ने ।

३) मालपोत शिविर शिर्षकको रु. ५ लाख बाट हल्ला खेलमैदान जग्गा व्यवस्थापन शिर्षकमा ३ लाख ५० हजार र विविध चालु खर्चमा १ लाख ५० हजार वजेट विनियोजना गर्ने

**<u>वडा नं. ४</u>**

| क्र. सं. | विनियोजित वजेट शिर्षक | कायम गर्ने वजेट शिर्षक | वजेट रु. |
|---|---|---|---|
| १ | वडा कार्यालयको झ्यालको ग्रील तथा खानेपानी ट्यांकी स्टेण्ड निर्माण | वडा कार्यालयको झ्यालको ग्रील निर्माण | १ लाख ५० हजार |
| २ | मुलाखा देखि तुमाउ वासुकी आ.वि. सम्म ट्र्याक ओपन | बुकुर पर्यटन पदमार्ग निर्माण निरन्तरता | ७ लाख |

**<u>वडा नं. ५</u>**

| क्र. सं. | विनियोजित वजेट शिर्षक | कायम गर्ने वजेट शिर्षक | वजेट रु. |
|---|---|---|---|
| १ | गुदेल स्वास्थ्य चौकी प्रयोगशाला व्यवस्थापन तथा फर्निचर | गुदेल स्वास्थ्य चौकी फर्निचर खरिद | २ लाख ५० हजार |
| २ | गुदेल स्वास्थ्य चौकी प्रवेश गर्ने सडक टर्निङको स्तरोन्नति<br>वडा कार्यालय परिसर संरक्षण कार्यक्रम | वडा कार्यालय वोल्डर वाल र तार जाली घेराबार | ४,००,०००।—<br>५,५०,०००।—<br>जम्मा<br>९,५०,०००।- |

| | | |
|---|---|---|
| ६. | प्रदेश समपूरक अनुदान माग गर्ने सम्बन्धमा | कोशी प्रदेश सरकार समक्ष आर्थिक वर्ष २०८३/८४ को लागि माग गरिने अनुदान प्रदेश समपूरक अनुदान मागको लागि देहायको शिर्षकमा अनुदान माग गर्ने निर्णय गरियो ।<br>१) कंखो खोला बेली ब्रीज निर्माण — रु. २ करोड |
| ७. | आयोजना बैंकमा योजना प्रविष्टि गर्ने सम्बन्धमा | कोशी प्रदेश सरकारको आयोजना वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८२ वमोजिम |

महाकुलुङ गाउँपालिका

**बैठक नं. ०६/२०८२/०८३**

| | | |
|---|---|---|
| | | आयोजना बैंख सूचना प्रणालीमार्फत प्रस्ताव प्रविष्टि गर्नको लागि देहायको योजना छनौट गर्ने निर्णय पारित गरियो ।<br>१) मध्य पहाडी लोकमार्ग अन्तर्गत तिउ देखि सानाम कुलुपोङ्खो र कुलुपोङ्खो र बिपलाटे सम्मको ट्र्याक ओपन — १० करोड<br>२) महाकुलुङ-४, स्थित प्रिति कुलुङ राई रङ्गशाला निर्माण — ५ करोड<br>३) इन्द्र होनित्ती कुलुङ चक्रपथ स्तरोन्नति — ५ करोड<br>४) गुदेल मावि घेराबार सहित गेट निर्माण र ढल निकास — ६० लाख<br>५) सिलुछो, साउनेछो, बुकुर, खोङ्मादिङ, मेरापिक, पाँचपोखरी हुँदै बुङ आउने Circuit निर्माण — १० करोड<br>६) निम्चोलाबाट पोम्लालुङ, छेपेदु पदमार्ग निर्माण — १ करोड<br>७) गोहेलुङ डाँडामा पार्क निर्माण — १ करोड<br>८) बुङ बजारबाट ढल निकास — २ करोड<br>९) मदन भण्डारी स्मृति बहु उद्धेश्यीय कभर्ड हल निर्माण — १ करोड<br>१०) महाकुलुङ वडा नं. ४ को ढल व्यवस्थापन — १० करोड<br>११) गुदेल स्वास्थ्य चौकी भवन निर्माण — ८० लाख<br>१२) छुबुईला खेलमैदान निर्माण — १ करोड<br>१३) आदिवासी जनजाति भवन स्तरोन्नति — १ करोड<br>१४) मुद्धी खोङ्मादिङ् पर्यटन पदमार्ग निर्माण — १ करोड<br>१५) हल्ला खेलमैदान घेराबार तथा स्तरोन्नति — १ करोड<br>१६) बुकुर पर्यटन पदमार्ग निर्माण तथा खानेपानी व्यवस्थापन — १ करोड<br>१७) कोङ्बो बेलीब्रीज निर्माण — ५ करोड<br>१८) तितिलाघाट मोटरेबल पुल, महाकुलुङ ३ — १० करोड<br>१९) सगोल खोला झोलुङ्गे पुल — ८० लाख<br>२०) वातेल्मा ट्रस ब्रीज — ५० लाख<br>२१) वुकुर डाँडा जाने गोरेटो निर्माण — १ करोड<br>२२) साउने सिलुछो पदमार्ग निर्माण तथा खानेपानी व्यवस्थापन — २ करोड<br>२३) आधारभूत स्वास्थ्य सेवा केन्द्र तुमाउ भवन निर्माण<br>२४) लुच्चामदेखि खेस्नासम्म सडक ट्र्याक ओपन — १ करोड<br>२५) कुलुङ सुम्खिमदेखि गोबेल्दोसम्म सडक ट्र्याक ओपन — १ करोड |
| | वडा नं. १ तर्फ प्रदेश योजना बैंकमा प्रविष्टि गर्ने योजना हरु | १. महाकुलुङ गाउपालिका बुङमा ढल व्यवस्थापन<br>२. सुर्केखोला यार्सा छेक्मा साद्दी पाईप सिंचाई आयोजना<br>३. पात्ले छेउला एक घर एक धारा खानेपानी आयोजना |

महाकुलुङ गाउँपालिका

| | | |
|---|---|---|
| | | ४. पाल्ले मोमोदी सिद्ध खिरौले गुम्बा पर्यटकीय सडकमार्ग निर्माण आयोजना<br>५. खिरौले गुम्बा नाजिङ चेरेम पर्यटकीय सडकमार्ग निर्माण आयोजना<br>६. चेरेम कोठे मेरा पर्यटन पदमार्ग निर्माण आयोजना<br>८. बुङ कृषि बजार तथा सित भण्डारण निर्माण आयोजना<br>९. साद्दी सामूदायिक स्वास्थ्य ईकाई भवन निर्माण<br>१०. पाल्ले सामूदायिक स्वास्थ्य ईकाई भवन निर्माण<br>११. कोलामडाडा खिरौले गोम्बा सडक स्तर उन्नती<br>१२. बुङ खेलकुद मैदान निर्माण<br>१३. कुलुङ भुमेस्थान निर्माण आयोजना बुङ<br>१४. कोलाम सिद्ध सेउधाप पर्यटन पदमार्ग निर्माण तथा<br>१५. खिरौले शान्ति ध्यानकेन्द्र तथा बोटानिकल पार्क निर्माण<br>१६. इन्द्र होनित्ति महाकुलुङ चक्रपथ कालोपत्रे आयोजना<br>१७. महाकुलुङ बहुउद्देश्यि सभाहल<br>१८. महाकुलुङ चक्रपथ सोलार सडक बत्ती<br>१९. बुल्तोसुम झरना पर्यटन पुल निर्माण |
| | वडा नं. ५ तर्फ प्रदेश योजना बैंकमा प्रविष्टि गर्ने योजना हरु | १) डाआई देखि नुर्कुमसम्म ट्र्याक ओपन — १ करोड<br>२) चाचालुङ खानेपानी योजना — १ करोड<br>३) गुदेल खानेपानी आयोजना — १ करोड |
| | वडा नं. २ तर्फ प्रदेश योजना बैंकमा प्रविष्टि गर्ने योजना हरु | १) १ घर १ धारा खानेपानी निर्माण पेल्माङ क्रमागत — १ करोड<br>२) पाँचपोखरी मेरा पर्यटन पदमार्ग निर्माण — १ करोड<br>३) ओगेन छोलिङ गुम्बा निर्माण पेल्माङ — ५ करोड<br>४) बहुउद्देश्यीय कभर्ड हल निर्माण — १ करोड ५० लाख<br>५) पेल्माङ आवि ४ कोठे भवन निर्माण १ करोड<br>६) सिन्धीखेत झो.पु. — आवश्यक वजेट<br>७) मदन भण्डारी स्मृति भवन निर्माण — १ करोड<br>८) खेलमैदान निर्माण — १ करोड<br>९) इन्द्र होनित्ती कुलुङ सडक स्तरउन्नति — २ करोड |
| ८. | सेतो गुँरास सँगको साझेदारीको रकम भुक्तानी गर्ने सम्बन्धमा | सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा कार्यक्रमसँग महाकुलुङ गाउँपालिकाको साझेदारीमा संचालन गरिएको विद्यालय घेराबार, तारजाली निर्माणको योजनाको लागतको १०% बराबरको गाउँपालिकाको दायित्वमा भएको देहाय वमोजिमको रकम गाउँपालिकालाई प्राप्त पर्यटन रोयल्टीबाट वजेट विनियोजन गरी भुक्तानी गर्ने निर्णय पारित गरियो । |
| ९. | झोलुङ्गे पुलको रकम माग गर्ने सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाको विभिन्न स्थानमा निर्माण भएको, भइरहेको झोलुङगे पुलहरुको भुक्तानीको लागि चालु आ.व.मा खर्च हुने गरी झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमसँग रु. ४० लाख ४३ हजार रुपैयाँ माग गर्ने निर्णय गरियो । |

**मिति: २०८२।१२।२९**
**समय: बिहान ११:०० बजे**

**बैठक नं. ०६/२०८२/०८३**

| | | |
|---|---|---|
| १०. | डाआई झोलुङ्गे पुल मर्मतको अपुग रकम व्यवस्थापन गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिका वडा नं. ५ मा रहेको डाआई झोलुङ्गे पुलको लागत अनुमान वमोजिमको रकम यस अगाडी विनियोजित वजेट रु. १० लाखबाट अपुग भएको रकम रु. ९ लाख २६ हजार रुपैयाँ पर्यटन रोयल्टीबाट नियोजन गर्ने निर्णय पारित गरियो । |
| ११. | खिरौले गुम्बा (ध्यान केन्द्र) निर्माणको V/O सम्बन्धमा | यसै महाकुलुङ गाउँपालिका स्थित वडा नं. १ मा डोन्गा थेक्छोक छोलिङ गुम्बा (ध्यान केन्द्र)को V/O सम्बन्धमा छलफल गर्दा उक्त योजनामा भएका ठेक्काको contract agreement भन्दा थप भएका कार्यहरुको भेरिएस आदेश दिन मनासिव देखिएन, साथै सो भवनको निर्माण सम्पन्न समेत भई उद्घाटन समेत भैसकेको अवस्था देखिदाँ भेरिएसन आदेश जारी नगर्ने निर्णय गरियो । |
| १२. | न्यायिक दस्तुर शिर्षकमा वजेट विनियोजन गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिकाको कार्यालयलाई आवश्यक पर्ने न्यायिक दस्तुर शिर्षकमा पर्यटन रोयल्टीबाट प्राप्त वजेटबाट रु. ७ लाख विनियोजन गर्ने निर्णय पारित गरियो । |
| १३. | पशु सेवा शाखाबाट प्रस्तावित निर्णयहरु | क) पशु स्वास्थ्य घुम्ति शिविर संचालनको लागि कार्यतालिका सम्बन्धमा<br>१) वडा नं. १ — मिति २०८३ बैशाख ७ देखि ९<br>२) वडा नं. २ — मिति २०८३ बैशाख २२ देखि २४<br>३) वडा नं. ३ — मिति २०८३ बैशाख १७ देखि १८<br>४) वडा नं. ४ — मिति २०८३ बैशाख ९ देखि ११<br>५) वडा नं. ५ — मिति २०८३ बैशाख १४ देखि १६<br>ख) वधशाला निर्माणको लागि प्राप्त जग्गा पास गर्ने सम्बन्धमा<br>यस महाकुलुङ गाउँपालिकाले मिति २०८२।१२।०४ मा सार्वजनिक सूचना प्रकाशन गरेकोमा निर्धारित समयभित्र १ एक जनाको मात्र रीतपूर्वक आवेदन परेकोले सो जग्गा जिल्ला मालपोत कार्यालय, सल्लेरी सोलुखुम्बुमा महाकुलुङ गाउँपालिकाको नाममा निशुल्क रजिस्ट्रेसन पास गरेर लिनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।<br>जग्गाको विवरण:<br>जग्गादाताको नामः निर कुमार राई (बाबु गौ बहादुर राई, आमा बुद्धि धनी राई, ना.प्र.प. नं. १११००७/५२)<br>प्राप्त हुने जग्गाको विवरणः जिल्ला सोलुखुम्बु, महाकुलुङ गाउँपालिका वडा नं. १ मा पर्ने कित्ता नं. २३७ को जम्मा क्षेत्रफल ५२५ वर्गमिटर मध्ये कित्ताकाट गरी ३०० बर्गमिटर राजिनामा पास गर्ने ।<br>ग) वजेट रकमान्तर/शिर्षकान्तर सम्बन्धमा<br>ILR/LGR रेफ्रिजेरेट खरिदको रु. ४,५०,०००।— मध्ये १,८०,०००।— र राष्ट्रिय पशुपंक्षी खोप अभियान कार्यक्रमको रु.३ |

महाकुलुङ गाउँपालिका

**बैठक नं. ०६/२०८२/०८३**

| | | |
|---|---|---|
| | | लाख मध्ये २ लाख रुपैयाँ गरी **भेटेरिनरी ल्यावरोटरीको इकुप्मेन्टस खरिद** गर्ने कार्यक्रमको लागि रकमान्तर गर्ने निर्णय पारित गरियो । |
| १४. | एम्बुलेन्स मर्मत सम्भारको रकम भुक्तानी सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको महाकुलुङ आधारभूत अस्पतालको नाममा रहेको एम्बुलेन्स दुर्घटनामा परी मर्मत सम्भार गरिएकोमा उक्त एम्बुलेन्सको वीमा दावी वापतको रकम प्राप्त रकम अपुग भएकोले सो एम्बुलेन्स मर्मत वापतको जम्मा रकम रु. ५,७२,८१६।२१ मध्ये रु. ३,०६,८१६।- रकम पर्यटन रोयल्टी वापत प्राप्त रकमबाट भुक्तानी गर्ने निर्णय गरियो । |
| १५. | नियुक्ति समर्थन सम्बन्धमा | कोशी प्रदेश लोकसेवा आयोग कार्यालयको प.सं. ०८२/८३, च. नं. १३८७, मिति २०८२/१२/२३ गतेको उमेद्वार (आ.ज.) सिफारिस पत्रानुसार कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ११ को उपदफा (१) बमोजिम र यस कार्यालयको मिति २०८२/१२/२५ गतेको निर्णयानुसार मिति २०८२/१२/२५ देखि लागु हुने गरी यस महाकुलुङ गाउँपालिकाको स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह अधिकृत स्तर सातौं तहको पदमा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १५ को उपदफा (१) वमोजिम नियुक्त गरिएको कर्मचारी श्री **सुमन राई** को नियुक्ति समर्थन गर्ने निर्णय पारित गरियो । |
| १६. | महाकुलुङ आधारभुत अस्पतालको नयाँ दररेट पारित गर्ने सम्बन्धमा | महाकुलुङ आधारभूत अस्पतालको सेवाहरुको नयाँ दररेट निर्माण निर्माण समितिबाट गरिएकोमा उक्त दररेटको पूनरावलोकन गर्नको लागि देहायको समिति गठन गरी पुनरावलोकन गरेर लागू गराउने निर्णय गरियो ।<br>१) संयोजक — खरिधन राई (प्र.प्र.अ.)<br>२) सदस्य — ध्रुब धन राई (लेखा प्रमुख)<br>३) सदस्य — रविन कुलुङ (जनस्वास्थ्य अधिकृत)<br>४) सदस्य — जीवन राई (आलेप अधिकृत)<br>५) सदस्य सचिव — हरि प्रसाद आचार्य (ज.स्वा.नि.) |

महाकुलुङ गाउँपालिका